# श्री सैनिक आवासीय महाविद्यालय
# सल्लाघारी, भक्तपुरको
# बिद्यार्थी रासन आपूर्ति सम्बन्धी शिलबन्दी तथा विद्युतीय बोलपत्र
# (E-bidding)आव्हानको सूचना नं.३
## (प्रथम पटक प्रकाशित मिति २०७४/०७/ १५ गते)

श्री सैनिक आवासीय महाविद्यालय भक्तपुर, पोखरा, धरान, सुर्खेत, धनगढी, चितवन तथा आशाकिरण छात्राबास बिजयश्वरीमा अध्ययन गर्ने बिद्यार्थीहरुको लागि २०७४ साल माघ १ गतेदेखि २०७५ साल पौष मसान्तसम्म विदाको दिन कट्टा गरी दश महिनाको निमित्त रासन र खाजाको लागि आवश्यक पर्ने विभिन्न खाद्य सामग्रीहरु देहायमा उल्लेखित महाबिद्यालयहरुबाट बोलपत्रको माध्यमद्धारा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले रासन ठेक्का लिन चाहने इच्छुक इजाजत प्राप्त रजिष्टर्ड कम्पनी, फर्म, संस्था वा व्यक्तिले निम्नलिखित कागजाद संलग्न गरी सिलबन्दी बोलपत्र वा E-Bidding (विद्युतीय बोलपत्र) पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो ३० दिने सूचना प्रकाशित गरिएको छ ।

१. आपूर्ति गर्नुपर्ने राशन सामग्रीको बार्षिक परिमाण, प्रकार, किसिम, गुणस्तर र स्केल एवं रासन सामग्री तथा वोलपत्रको दस्तुर, पालना गर्नुपर्ने शर्तहरु, स्वीकृत आपूर्तिकर्तासंग खरिद सम्झौता भएपछि उपलव्ध हुने अग्रिम पेश्कि, मासिक भुक्तानी गर्दा कट्टा एवं थप गरिने कर तथा धरौटी रकम सम्वन्धी विवरणहरु सम्वन्धित ठेक्का वन्दोवस्त गराउने महाबिद्यालयहरुद्धारा तयार पारेको बोलपत्र सम्वन्धी कागजादमा स्पष्टरुपमा उल्लेख गरिएको छ ।

२. <u>**ठेक्का बन्दोबस्त गराउनु पर्ने महाबिद्यालयहरु र स्थान :**</u> श्री ***सैनिक आवासीय महाबिद्यालय सल्लाघारी भक्तपुर,*** (आशाकिरण छात्राबास विजयश्वरी समेतको लागि), श्री ***सैनिक आवासीय महाबिद्यालय पोखरा, धरान, धनगढी, चितवन र सुर्खेत***को लागि सम्बन्धित महाबिद्यालयहरुमा ।

३. सिलवन्दी बोलपत्रदाताको लागि सम्वन्धित ठेक्का बन्दोवस्त गराउने महाबिद्यालय तथा स्थानिय जिल्ला प्रशासन कार्यालय, को.ले.नि.का.,कल्याणकारी योजना निर्देशनालय सार्वजनिक खरिद नियमावली २०६४(शंसोधन सहित) को नियम ४८ (२) बमोजिम सूचना प्रकाशित भएको मिति देखि २०७४/०८/१४ गतेको कार्यालय समयसम्म (बिदाको दिन वाहेक) तोकिएको वोलपत्रको दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न र E-Bidder हरुले आफूले बिड गर्न चाहेको महाबिद्यालयले बोलपत्र सम्वन्धी कागजादमा उल्लेख गरेको खातामा तोकिएको दस्तुर दाखिला गरेको भौचर अपलोड गर्नु पर्नेछ ।

४. <u>**बोलपत्र खरिदकर्ताले लिखित निवेदन सहित निम्नानुसारको कागजादहरुको प्रतिलीपि पेश गरेर मात्र बोलपत्र खरिद गर्न सक्नेछन्:**</u>

(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलीपि,

(ख) मु.अ.कर दर्ता प्रमाण पत्रको प्रतिलीपि,

(ग) स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रको प्रतिलीपि,

(घ) रासन आपूर्तिको उद्देश्य राखी दर्ता भएका व्यक्ति/फर्म/कम्पनी/संस्था भए सोको दर्ता प्रमाण (इजाजत)पत्र र अन्य व्यबसायमा दर्ता भएको भए बाणिज्य विभाग,कम्पनी रजिष्टारको कार्यालय,उद्योग विभाग वा घरेलु तथा साना उद्योग कार्यालयमध्ये कुनै एक निकायबाट राशन आपूर्तिको अनुमति थप भएको प्रमाणको प्रतिलीपि(नवीकरण गनुपर्ने स्थिति र अबस्थाको भए नबिकरण सहितको) ।

५. <u>**बोलपत्रदाताले वोलपत्र पेश गर्दा वोलपत्रसाथ अनिवार्यरुपमा संलग्न गर्नुपर्ने कागजादहरु:**</u>बोलपत्र सम्वन्धि पेश गर्नु पर्ने कागजादहरु, सम्झौता उलंघन भएमा हुने कारवाही बोलपत्र सम्वन्धि कागजादमा स्पष्ट रुपमा उल्लेख गरिएको छ ।

६. खरिद गरेको वोलपत्र ठेक्का बन्दोवस्त गर्ने सम्वन्धित महाबिद्यालयहरुमा निम्नानुसार दर्ता र खोल्ने कार्य गरिनेछ ।

(क) **दर्ता**: खरिद गरेको मिति देखि २०७४/०८/१५ गतेको १२०० बजेसम्म ।

(ख) **खोल्ने कार्य**: सोही मितिको १३०० वजे ।

७. <u>**सिलबन्दी वोलपत्र पेश गर्ने बोलपत्रदाताहरुले ध्यान दिनु पर्ने कुराहरु:**</u>

क) कुनै बोलपत्रदातालाई बोलपत्र खरिद गर्न वा दाखिला गर्नको लागि सुरक्षाको आवश्यक परेमा सार्वजनिक खरिद ऐन २०६३ को दफा १४ को उपदफा (७) बमोजिम त्यस्तो सुरक्षाको व्यवस्था सम्वन्धित जिल्ला प्रशासन कार्यालयसंग माग गर्न सकिनेछ ।

(ख) यो ठेक्का नेपाली नागरिकलाई मात्र प्रदान गरिने छ र ठेक्का अवधिभर मुल्य वृद्धि दिइने छैन ।

(ग) सार्वजनिक खरिद ऐन २०६३ (शंसोधन सहित) को दफा २४ बमोजिम रित नपुगेको वोलपत्र उपर कारवाही गरिने छैन ।

(घ) कार्यालयमा दाखिला भएको वोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार प्राप्त सम्वन्धित अधिकारीमा पूर्ण रुपमा सुरक्षित रहनेछ ।

(ङ) E-Bidding मार्फत सहभागी हुने वोलपत्रदाता र शिलवन्दी रुपमा वोलपत्र पेश गर्ने वोलपत्रदातालाई वोलपत्र सम्वन्धि कागजाद वा अन्य कुनै थप जानकारी गराउन ठेक्का बन्दोवस्त गराउने महाबिद्यालयहरुबाट मिति २०७४/०८/०४ गतेको १३०० बजे वोलपत्र पेश गर्नू पूर्वको बैठकको आयोजना हुने भएकोले वोलपत्रदाताहरुलाई उक्त मिति पूर्व नै वोलपत्र सम्वन्धि कागजाद खरिद गर्न सुझाव गरिन्छ ।

(च) यस सूचनालाई नेपाली सेनाका Web site www.nepalarmy.mil.np, महाबिद्यालयको Web site: www.bsamv.edu.np तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको Web site : www.ppmo.gov.np मा समेत राखिएको छ । छनौट भएका वोलपत्रदाताहरुलाई ठेक्का स्वीकृत गर्ने आशय र अन्य वोलपत्रदाताहरुलाई छनौट भएका वोलपत्रदाताको नाम ठेगाना र रकमको जानकारी नेपाली सेनाको Web site तथा e-mail बाट जानकारी गराइनेछ ।

८. **<u>विद्यूतीय बोलपत्र (E-bidding) प्रयोग गर्ने बोलपत्रदाताहरुले ध्यान दिनू पर्ने कूराहरु</u>**

(क) विद्यूतीय बोलपत्र (E-bidding) प्राणली अवलम्वन गर्ने E-bidder हरुले आफूले Bid गर्न चाहेको सम्बन्धित महाविद्यालयको सूचना तथा बोलपत्र सम्बन्धी कागजात website http://eproc.nepalarmy.mil.np मा गई Sign up गरी आफ्नो User Name र Password Create गरी Download गर्न सकिनेछ ।

(ख) E-bidder हरुले सूचना र बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित प्रकृया र शर्तहरुको परिधिभित्र रहि Bid गर्नु पर्नेछ । सो सम्वन्धि अन्य थप जानकारी लिन चाहेमा समयमै सम्वन्धित महाबिद्यालयमा आफै उपस्थित भई वा भक्तपुर महाबिद्यालयको हकमा फोन नं.०१६६१२७६३ मा र अन्य महाबिद्यालयको हकमा सम्वन्धित महाबिद्यालयहरुबाटै फोनद्धारा जानकारी लिन सकिनेछ ।

९. राशनको नमूना खरिदकर्ता सम्वन्धित महाबिद्यालयसंग शिलवन्दी रुपमा तयार गरी राखेको हुंदा वोलपत्रदाताले उक्त नमूना अवलोकन गर्नु हुनेछ । बिद्युतीय बोलपत्र E-bidding मार्फत सहभागी हुने बोलपत्रदाताहरुले उल्लेखित राशन नमूना अवलोकन नभएको तर सोही वोलपत्रदाताको नाममा ठेक्का स्वीकृत भएमा निजले खरिदकर्ता महाबिद्यालयद्धारा शिलवन्दी रुपमा तयार गरी राखेको नमूना तथा अन्य राशन आइटम तोकिएको स्पेसिफिकेशन र गुणस्तर अनुरुपको आपूर्ति गर्नु पर्नेछ ।

१०. एउटै ठेक्कामा एकै बोलपत्रदाताले सिलवन्दी बोलपत्र वा विद्युतीय बोलपत्र (E-bidding) प्रणाली मध्ये कुनै एक माध्यमबाट मात्र बोलपत्र पेश गर्न सक्नेछ । एउटै ठेक्कामा दुवै प्रणाली प्रयोग गरी बोलपत्र पेश गरेमा त्यस्तो बोलपत्र स्वत: रद्द हुनेछ ।

११. वोलपत्रदाताहरुले अनिवार्य रुपमा पालना गर्नुपर्ने शर्त, संलग्न गर्नुपर्ने कागजादहरुको सम्वन्धमा यस सूचना र यसै सूचनासंग सम्वन्धित वोलपत्र सम्वन्धि कागजादमा उल्लेख गरिएको सम्पूर्ण कुराहरुमा सोही बमोजिम र अन्य कुराको हकमा प्रचलित सार्वजनिक खरिद ऐन २०६३ (शंसोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ (शंसोधन सहित) अनुसार हुनेछ ।